का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ जेठ २०७९,
शनिबार
28 May 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक ११२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# 'चमत्कार'को प्रतिक्षा



काठमाडौं महानगरको नेतृत्वमा स्वतन्त्र उम्मेदवार विजयी भएपछि केन्द्रीय राजनीतिमा नै तरंग आएको छ । संघीय संसदको बैठकमा सांसदहरु बालेनको जितलाई देखाएर दलहरुप्रति जनतामा अविश्वास बढेको अभिव्यक्ति दिइरहेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ जेठ ।

काठमाडौं महानगरपालिकाको मेयरमा निर्वाचित स्वतन्त्र उम्मेदवार बालेन्द्र शाह (बालेन)ले सडकदेखि संसदसम्म चार्चा पाएका छन् । सडकको चर्चा बधाई र आशामा केन्द्रीत छ भने संसदमा नेताहरुले संशयसहित चर्चा गरेका छन् । खासगरी नेताहरुले दलीय व्यवस्थासँग जोडेर बालेनको जितको अर्थ लगाइरहेका छन् । ठूला राजनीतिक दलका प्रमुखहरु समेत 'बालेन'को जित सार्वजनिक अभिव्यक्ति दिइरहेका छन्, त्यो पनि संशयका साथ । यसले 'बालेन'को जितले राजनीतिमा तरंग ल्याएको सहजै अनुमान लगाउन सकिन्छ ।

पूर्वसभामुख दमननाथ ढुंगाना काठमाडौं महानगरको नेतृत्व दलीय संयन्त्रभन्दा बाहिर जाँदा शीर्ष नेताहरु झस्किनु स्वभाविक रहेको बताउँछन् । 'राजधानीको नेतृत्वलाई भावी मुलुककै नेतृत्वका रुपमा हेरिन्छ । त्यसकारण स्वतन्त्र उम्मेदवार लोकप्रिय मतका साथ विजयी हुँदा शीर्ष नेताहरु झस्किनु स्वभाविक हो' ढुंगाना भन्छन्, 'संसदमा शीर्ष नेताहरुले बालेनको चर्चा गरेका छैनन्, संशय र कुण्ठा व्यक्त गरिरहेका छन् ।'

पूर्वसभामुख ढुंगानाले भने जस्तै संसदमा सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिने अधिकांश सांसदहरु बालेनको जितबारे बोलिरहेका छन् । बालेनलाई बधाई दिन्छन्, सहकार्य गर्न तयार रहेको बताउँछन् । बालेन जस्ता स्वतन्त्र उम्मेदवारले जित्नु दलहरुप्रतिको अविश्वास हो भन्न पनि छुटाउँदैनन् ।

> राजधानीको नेतृत्वलाई भावी मुलुककै नेतृत्वका रुपमा हेरिन्छ । त्यसकारण स्वतन्त्र उम्मेदवार लोकप्रिय मतका साथ विजयी हुँदा शीर्ष नेताहरु झस्किनु स्वभाविक हो ।
>
> ● **दमननाथ ढुंगाना**
> पूर्वसभामुख

बिहीबार प्रतिनिधिसभामा बोल्दै पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले दलहरू नसुध्रिए धेरै बालेनहरू जन्मिने चेतावनी दिए । अर्थात, खनालको अभिव्यक्तिमा बालेनको जित राजनीतिक दलहरुका लागि खतरा हो भन्ने भाव झल्किन्थ्यो । उनले भनेका छन्, 'राजनीतिक दल ठीक ढंगले चल्न नसके धेरै बालेन जन्मनेछन् ।' बालेनजस्ता पात्रहरुले चुनाव जित्ने वातावरण थप मौलाए राजनीतिक दलहरुको अस्तित्व समाप्त हुँदै जाने उनको चिन्ता छ । 'हालीले बेलैमा सोच्नुपर्ने हुन्छ । बालेनहरुले जित्दै गए राजनीतिक दलहरुको अस्तित्व समाप्त हुँदै जान्छ ।' खनालले भने ।

नेता खनालले भने जस्तै समाजशास्त्री ममता शर्मा पनि पछिल्लो समय मतदाताहरुमा राजनीतिक दलका आधिकारिक उम्मेदवार भन्दा स्वतन्त्र उम्मेदवारहरुप्रति विश्वास बढेको देखिएको बताउँछिन् ।

'काठमाडौंमै पनि झण्डै चार दशकदेखि मेयरमै भोट मागिरहेका, विगतमा जितेर काम गरे पनि उम्मेदवार र विलकुल नयाँ व्यक्ति पनि उम्मेदवार भए । त्यस्तोमा नागरिकले नयाँपन खोज्नु स्वभाविक हो' उनी थप्छिन्, 'राजनीतिक दलहरुले एउटै व्यक्तिलाई पटक-पटक अवसर दिनु स्वतन्त्र उम्मेदवारको जितको आधार भएको देखिन्छ ।' समाजशास्त्री शर्माले भने जस्तै ३० वैशखमा सम्पन्न स्थानीय तहको चुनावमा देशैभर स्वतन्त्र उम्मेदवारको लहर बढेको पाउन सकिन्छ ।

– बाँकी पृष्ठ २ मा

नागरिकता विधेयक

# सत्तापक्ष प्रतिपक्षबीच सवाल-जवाफ



तीन बर्ष बढी तपाईंको सरकार थियो, गृहमन्त्री त्यही सरकारको हुनुहुन्थ्यो । त्यसबेला किन अगाडि बढेन नागरिक विधेयक ?

● **मिनेन्द्र रिजाल**
नेता, नेपाली कांग्रेस



संसदमा विचाराधीन नागरिकता विधेयकलाई सेन्सेटिभ इस्वु बनाएर आफ्नो पक्षमा मार्केटिङ गर्ने कोसिस गरिँदैछ

● **इश्वर पोखरेल**
वरिष्ठ उपाध्यक्ष, नेकपा एमाले

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ जेठ ।

प्रतिनिधिसभामा नागरिकता विधेयकलाई लिएर सत्तापक्ष प्रतिपक्षबीच सवालजवाफ भएको छ ।

बुधबार सरकारको नीति तथा कार्यक्रममा बोल्दै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका बरिष्ठ उपाध्यक्ष इश्वर पोखरेलले सरकारले नागरिकता सम्बन्धी विधेयक अगाडि बढाउन खोज्नुको कारण माग गरे । उनले नागरिकता विधेयकलाई मार्कटिङ गर्न खोजिएको हो कि भन्ने आशंका गरे ।

'अहिले मार्कटिङ गर्न खोजिँदैछ । संसदमा विचाराधीन नागरिकता विधेयकको बारेमा यसलाई सेन्सेटिभ इस्वु बनाएर आफ्नो पक्षमा मार्केटिङ गर्ने जो कोसिस गरिँदैछ' पोखरेलले थपे ।

सरकारले नीति तथा कार्यक्रममा नागरिकता विधेयकलाई सहमतिको आधारमा छिट्टै टुंगोमा पुर्‍याउन पहल गर्ने उल्लेख गरेको छ । यही प्रसंगमा उपाध्यक्ष पोखरेलले टिप्पणी गरेका हुन् ।

'अघिल्लो सरकारले केपी शर्मा ओलीले नेतृत्व गरेको सरकारले नागरिकता सम्बन्धी समस्या समाधान गर्ने उदेश्यले ल्याएको अध्यादेशलाई किन अघि बढ्न दिइएन ? संसदीय समितिमा पनि कसका कारणले अघि बढ्न दिइएन ? मैले नाम लिइरहनुपर्दैन हामी सबै जानकार छौं' पोखरे थप्छन्, 'निर्वाचनलाई प्रभावित पार्ने हिसावले अहिले फेरि नक्कली हिसावले ल्याइँदै त छैन ? मेरो प्रश्न हो यो ।'

लगत्तै, नेपाली कांग्रेसका सांसद मिनेन्द्र रिजालले एमालेका बरिष्ठ उपाध्यक्ष पोखरेलले नागरिकता विधेयकका सम्बन्धमा दिएको अभिव्यक्तिको खण्डन गरे ।

– बाँकी पृष्ठ २ मा

# हदम्याद हटाउन संकल्प प्रस्ताव

दलीय सहमतिका आधारमा प्रस्तावमाथि संसदमा छलफल हुनेछ । पारित भएमा सरकार सोही अनुसार कानून संशोधन गर्न बाध्य हुनेछ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १३ जेठ ।

यौन हिंसा सम्बन्धी मुद्दाका लागि रहेको विद्यमान हदम्याद सम्बन्धी व्यवस्था हटाउन माग गर्दै राष्ट्रिय सभामा संकल्प प्रस्ताव दर्ता भएको छ । सांसद कमला पन्तको प्रस्ताव र सांसद विमला राय पौड्याल, प्रमिला कुमारी यादव, खिमलाल देवकोटा, बिमला घिमिरे, मदन कुमारी शाह, शेखर कुमार सिंह, गंगा कुमारी बेलबासे र तुल प्रसाद विश्वकर्मा राष्ट्रिय सभामा संकल्प प्रस्ताव दर्ता गरेका हुन् ।

संकल्प प्रस्तावमा हदम्यादका कारण पीडितले न्याय नपाउने र पीडकले उन्मुक्ति पाउने अवस्था देखिएको उल्लेख छ ।

बालबालिका संरक्षण ऐन २०७५ र मुलुकी अपराध संहितामा बलात्कार र यौन जन्य हिंसा भएको मितिले एक वर्ष भित्र उजुरी गरिसक्नुपर्ने हदम्याद छ ।

तर, नाबालिकको हकमा भने १८ वर्ष पुरा भएको मितिले एक वर्षसम्म उजुरी गर्न पाउने व्यवस्था छ । यसरी उजुरी दिने हदम्याद राखिँदा पीडितहरुले न्याय पाउन नसकेको भन्दै संकल्प प्रस्ताव संसदमा लगिएको छ । संकल्प प्रस्ताव मार्फत यौन हिंसाका घटनाका पीडकहरुलाई दिइने दण्ड सजायमा पनि पुनरावलोकन हुनुपर्ने माग राखिएको छ ।

संकल्प प्रस्तावमा मुख्यत दुइ वटा माग छन् । एक- बालयौन दुर्व्यवहारको कसुरमा सजायको लागि उजुरी दिने हदम्याद सम्बन्धी व्यवस्था पुर्णत हटाउने । दुई- बालबालिका बाहेक अन्यको हकमा समेत बलात्कार जस्तो जघन्य अपराधमा उजुरी दिने हदम्याद सम्बन्धी व्यवस्थाको पुनरावलोकन गर्न आवश्यक संशोधन गर्ने ।

संघीय संसद सचिवालयका सूचना अधिकारी दशरथ धमलाका अनुसार यौन हिंसाको हदम्याद हटाउन माग गर्दै संसदमा संकल्प प्रस्ताव दर्ता भएको छ । दलीय सहमतिका आधारमा यो प्रस्तावमाथि संसदमा छलफल हुनेछ । संकल्प प्रस्ताव पारित भएको खण्डमा सरकार सोही अनुसार कानून संशोधन गर्न बाध्य हुनेछ ।

# बेलायतमा मौसमी कामदार ल्याउने क्रममा व्यापक ठगी



**मध्यान्ह संवाददाता**
लण्डन, १३ जेठ

बेलायतमा सिजनल रोजगारीका लागि ल्याइएका मौसमी नेपाली कृषि मजदुर चर्को शोषणमा परेको सार्वजनिक भएको छ । 'विश्वकप फुटबल रंगशाला निर्माणका क्रममा कतार, यूएईमा घरेलु आप्रवासी कामदार ठगिने आम विषय भएपनि बेलायतमै नेपाली कामदार ठगीमा परे ?' बेलायतको व्यूरो अफ इन्भेष्टिगेटिभ जर्नालिज्म र द गार्डियन पत्रिकाको संयुक्त खोजले यो विषय सार्वजनिक गरेपछि कामदार भर्नाको ठगी विश्वव्यापी बहसको विषय बनेको छ ।

फलफूल तथा तरकारी टिप्ने कामका लागि बेलायतको हेरफोर्डशरस्थित कोब्रे फार्म लगिएका नेपाली ठगिएको अध्ययनले देखाएको छ । नेपाल सरकारले फ्रि भिसा फ्रि टिकट निर्णय लागू गरेको ६ वर्ष भइसकेको छ । तर ६ महिनाको मौषमी कामका लागि ५ लाख रुपैयाँ एजेन्टलाई तिर्नुपरेको बेलायत आइपुगेका नेपालीहरूले अनुसन्धानकर्ताहरूलाई बताएको दि गार्डियनले आफ्नो अनलाइन संस्करणमा उल्लेख गरेको छ ।

कामदारहरूले जोन खड्काले सञ्चालन गरेको नेपाली कम्पनी 'माइ करिअर एचआर सोलुसन्स'लाई ५ लाख रूपैयाँ तिरेको बताएका छन् । बेलायतमा हवाई टिकट र भिसा खर्च मात्रै आवेदकले खर्च गर्नुपर्ने बताइएको छ । कामदारले भिसा आवेदन गर्दा लाग्ने कुल खर्च २ सय ५९ पाउण्ड अर्थात् करिब ४० हजार नेपाली रुपैयाँ लाग्ने बताइएको छ ।

बेलायतको हेरफोर्डशरस्थित कोब्रे फार्ममा काम गर्न १ सय ५० जना नेपाली ल्याइएको र उनीहरू सबैले अवैधरूपमा महँगो शुल्क तिर्नु परेको समाचारमा उल्लेख छ । ती कामदारमध्ये धेरैले बेलायतमा जागिर

वैदेशिक रोजगार विशेष

मिलाइदिने कम्पनीका लागि काम गर्ने एजेन्टहरूलाई उक्त रकम तिरेको दाबी गरेका छन् ।

ब्रेक्जिटपछि युरोपेली संघबाट बाहिरिएको र कोभिडको कारणले कामदार अभाव भएपछि बेलायतले कृषिका लागि विदेशबाट अस्थायी मौसमी कामदार लिन शुरू गरेको थियो । नेपाल बाहेक अन्य मुलुकबाट ल्याइएका कामदार पनि शोषणमा परेको हुनसक्ने समाचारमा उल्लेख छ । बेलायती अधिकारकर्मीहरूले आप्रवासी कामदार ठगीको विषय गम्भीर भन्दै त्यस विषयमा कम्पनी जवाफदेही हुनुपर्ने माग गरेका छन् ।

त्यसमध्येकी एक हुन् बेलायतको गैरदासत्व सम्बन्धी स्वतन्त्र आयुक्तकी पूर्व सल्लाहकार तथा अनुसन्धानदाता एमिली केनवेल । उनले भनेकी छन्, 'रोजगारीका लागि यहाँ आउँदा आप्रवासी कामदारहरू ठगीनु हुँदैन ।'

# अमर्यादित सांसद !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १३ जेठ ।



देशको सर्वोच्च निकाय र मर्यादित संस्था मानिने संसदमा गएर सांसद तथा मन्त्रीहरु ऋर्मादित ढंगले प्रस्तुत हुन थालेपछि आलोचना चुलिन थालेको छ । देशकै गरिमामय संस्थामा गएर सांसद तथा मन्त्रीहरुले एक अर्कालाई तुच्छ अभिव्यक्ति दिएको भन्दै सामाजिक सञ्जालदेखि सञ्चारमाध्यममा समेत आलोचना बढेको हो । शुक्रबारको संसद बैठकमा उद्योग मन्त्री समेत रहेका दिलेन्द्र प्रसाद बढुले एमालेका अध्यक्ष केपी ओलीप्रति तुच्छ टिप्पणी गरेपछि उक्त अभिव्यक्ति संसदको रेकर्डबाटै हटाउनुपरेको छ । मन्त्री बडुले 'साउनको महिनामा दृष्टि गुमाएको गोरूले सधैं हरियो देख्छ भन्ने उखान स्मरण गराउँछु' भन्ने अभिव्यक्ति दिएका थिए ।

ओली प्रधानमन्त्री हुँदा कमिसनको चास्नीमा डुबेको मन्त्री बडुको आरोप थियो । उक्त अभिव्यक्ति संसदीय मर्यादा विपरित भएको भन्दै एमालेका सांसदहरुले उठेर विरोध गरेपछि सभामुख अग्निप्रसाद सापकोटाले मन्त्री बडुले बोलेका शब्द संसदको रेकर्डबाट हटाउन निर्देशन गरेका हुन् । तर, मन्त्री बडुको बचाउ गर्दै शहरी विकासमन्त्री रामकुमारी झाँक्रीले भने ओलीलाई प्रश्न गर्न नपाउने हो र ? भन्दै प्रश्न गरेकी छिन् । 'के डेमोक्रेसीमा उहाँले भनेको कुरा यो गलत हो भन्न नपाउने त होइन होला। फेरि संसदका आफ्ना मर्यादाहरू पनि छन् । मर्यादाभित्र त सबै बस्नुपर्छ। तर उहाँलाई प्रश्न गर्न नहुने प्रश्नरहित व्यक्ति हो र ? प्रश्नरहित व्यक्ति होइन। त्यसो भएको हुनाले त्यसको जवाफ अरू ढंगले पनि दिन सकिन्थ्यो। नेताहरूले लामोलामो वक्तव्य दिँदा सांसदहरुले आफ्नो विचार राख्ने काम बाँकी नै छ। त्यसैले यसरी अवरोध गर्नु राम्रो होइन ।' तर, मन्त्री झाँक्रीले संसदीय मर्यादामा सबै बस्नुपर्ने पनि बताएकी छिन् ।

तर, पूर्वसभामुख ओनसरी घर्तीले भने संसद आक्रोश र कुण्ठा पोख्ने थलो नभएको बताएकी छिन् । 'संसद भनेको आम जनताको भावना अभिव्यक्त गर्ने थलो हो। जनताको सार्वभौम सत्ताको उच्चतम् प्रयोग आफ्ना प्रतिनिधिमार्फत् अभिव्यक्त हुने गर्दछ', घर्तीले भनिन्, 'तर केही दिनयता संसदमा भइरहेको नीति तथा कार्यक्रममाथिको छलफलको रूझान हेर्दा एकातिर कुण्ठा र आक्रोश अभिव्यक्त भइरहेको छ भने, अर्कातिर मूल विषयबाट विषयान्तर हुने प्रवृति देखिएको छ ।' उनले संसदमा बसेर घण्टौं भाषण दिने प्रवृत्तिको पनि विरोध गरेकी छिन् । त्यसोत, एमाले अध्यक्ष ओलीले बिहीवार सदनमा २ घण्टा बढी भाषण मात्रै गरेनन्, प्रतिपक्षीको सरकार म्यादी हो भन्ने संज्ञा समेत दिए । उनले पटकपटक सभामुख सापकोटाको पनि सदनमै बसेर कडा आलोचना गर्दै आएका छन् ।

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१४ जेठ २०७९, शनिबार
28 May 2022, Saturday

# मिडिया साक्षरतामा बढाऔँः अध्यक्ष बस्नेत

काठमाडौं/मस- प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सञ्चार माध्यमलाई मर्यादित बनाउन मिडिया साक्षरता (लिटिरेसी) मा सबैले ध्यान दिनुपर्ने सुझाव दिनुपर्ने बताएका छन् ।



काउन्सिलद्वारा शुक्रबार आयोजित पत्रकार आचारसंहिता अभिमुखीकरण कक्षामा बोल्दै उनले भने, 'पत्रकारितामा नयाँ पुस्ताको आगमन बढिरहेको छ, अनलाइनमा झन् बढी छ, यो पुस्ताकालागि आचारसंहितालगायतका विषयमा साक्षरता कार्यक्रम बढाउनुपर्ने देखिन्छ ।'

मिडिया साक्षरताको लागि सरकारले पर्याप्त स्रोत/साधन उपलब्ध गराउनुपर्ने बस्नेतको सुझाव थियो । 'काउन्सिलले खासगरी नयाँ आउने अनलाइन मिडियाका सञ्चालक र पत्रकारमा केन्द्रित भई नियमितरूपमा आचारसंहिता अभिमुखीकरण अभियान थालेको हो, उनले भने ।

सोही क्रममा विषय विज्ञका रूपमा आउनुभएका त्रिभुवन विश्व विद्यालय पत्रकारिता तथा आमसञ्चार विषयका सह-प्राध्यापक डा.कुन्दन अर्यालले काउन्सिलको पछिल्लो कदमको स्वागत गरे । साथै उनले सञ्चारकर्मी आफैँ सक्षम नभई पत्रकारिता स्वच्छ नहुने धारणा राखे ।

पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) को दफा ५ मा रहेको सम्पादकीय स्वतन्त्रतामा केन्द्रित भएर उनले आफ्नो प्रस्तुति राखे ।

सम्पादकले आफूले लेखेको र आफ्नो मिडियाबाट छापिएका सबै कुराको जिम्मेवारी लिन सक्नुपर्ने उनले बताए ।

पत्रकार आफैँ स्वतन्त्र हुनसके मात्र सम्पादकीय स्वतन्त्रता बच्ने भन्दै दबाब र प्रभावमा सम्पादक पर्न नहुने उनको सुझाव थियो ।

काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसालले काउन्सिलले जारी गरेका विभिन्न निर्देशिकाहरूमा उल्लेख प्रावधानबारे जानकारी दिए ।

उनले महिला उत्तरदायी सञ्चार निर्देशिका-२०७६, अपाङ्तामैत्री सञ्चार निर्देशिका-२०७३, बालमैत्री सञ्चार निर्देशिका-२०७३ तथा ज्येष्ठ नागरिकमैत्री सञ्चार निर्देशिका-२०७८ मा उल्लेख प्रावधानहरूबारे जानकारी दिएका हुन् ।

वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता दीपक खनाल र काउन्सिलका कर्मचारीको सहभागिता रहेको उक्त कक्षमा भौतिक रूपमा ३२ जना र जुम मार्फत १२ जनाले प्रशिक्षण लिएका थिए ।

सहभागीमध्ये आवश्यक प्रक्रिया पुगेका अनलाइन सञ्चार माध्यमलाई प्रमाणपत्र तथा काउन्सिलले जारी गरेको आचारसंहिता लगायतका पुस्तक प्रदान गरिएको थियो ।

# नवनिर्वाचित जनप्रतिनिधिले लिए शपथ

लक्ष्मण यादव/मध्यान्ह
सर्लाही, १३ जेठ

रामनगर गाउँपालिका अध्यक्ष राजाबाबु यादवले गाउँपालिका उपाध्यक्ष, वडाध्यक्ष तथा वडा सदस्यहरुलाई पद तथा गोपनीयताको शपथ गराएका छन् । नेकपा माओवादी केन्द्रबाट निर्वाचित यादव जिल्लाकै कान्छो पालिका अध्यक्ष हुन् । २२ वर्षे यादवले शुक्रबार गाउँपालिकाका अन्य निर्वाचित



जनप्रतिनिधिलाई पद तथा गोपनीयताको शपथ

गराएका हुन् । गाउँपालिका कार्यालयमा सबै जनप्रतिनिधिलाई पद तथा गोपनीयताको शपथ गराउदै उनले नगरबासीको हितलाई ध्यानमा राखेर काम गर्नका लागि आग्रह गरेका छन् । साथै उनले पालिकाको विकास र समृद्धिका लागि आफू निरन्तर प्रतिबद्ध भएर काम गर्ने बताएका छन् । उनी सर्लाही क्षेत्र न. ४ का संविधानसभा सदस्य शिवपुजन यादवका छोरा हुन् ।

लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतो काठमाडौं महानगरपालिकाका नवनिर्वाचित मेयर बालेन शाह परिवर्नतको संकेत भएको बताउँछन् । शुक्रबार प्रतिनिधिसभाको बैठकमा सरकारको नीति तथा कार्यक्रमाथिको छलफलमाथि बोल्दै नेता महतोले बालेन शाह समाज र राजनीति परिवर्तनको संकेत भएका बताएका हुन् ।

मुलुकमा विकास र लोकतन्त्र कमजोर हुनुमा सबै राजनीतिक दल भागीदार भएको टिप्पणी गर्दै उनले पनि दलहरु नसुध्रिए परिवर्तनको संकेतहरु आउने अर्थात, बालेनहरुले जित्नेक्रम अझ तिब्र हुने बताए । 'लोकतन्त्र कमजोर र भ्रष्टाचारतन्त्र बलियो भएको छ । स्थानीय तह निर्वाचनले पनि लोकतन्त्र कमजोर पार्ने काम गरेको छ । यस्तोमा बालेनहरुले जित्नु परिवर्तनको संकेत हो' नेता महतोले भने ।

नेपाली कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा बालेन्द्र शाहको विजयले राजनीतिक दलहरूलाई दबाब दिएको बताउँछन् । बालेनको जितले बदलिएको समयअनुरुप राजनीतिक दल, नेतृत्व, व्यक्ति, प्रवृत्ति र पद्दति सबैले आफूलाई बदल्नुपर्ने समय आएको संदेश दिएको उनको भनाइ छ ।

मुख्य दलको शैली र प्रस्तुतिप्रति असन्तुष्ट मतदाताले वैकल्पिक राजनीतिको नारा र दल नरोजेको शर्माको भनाई छ । शर्मा भन्छन्, 'अवस्थाप्रति रुष्ट मतदाताले व्यवस्थाकै विकल्प खोज्न चाहनेलाई रोजेनन् । नत्र वैकल्पिक राजनीतिको नारासहितको दल र उम्मेदवारको उपस्थिति मैदानमा थियो अनि व्यवस्थाकै विकल्पको नारासहितको दल र उम्मेदवार पनि मैदानमा थिए ।'

काठमाडौंका मतदाताले दिएको सन्देश गहन रूपले आत्मसात गर्नुपर्ने शर्मा भनाई छ । 'मतदाताले विजयी बनाइसकेपछि बालेन एक्लै हुन् वा एक्लै छन् नसोचौँ । जनताको काममा जननिर्वाचित मेयरलाई सघाऔँ,' उनले भनेका छन् ।

नेता शर्माले बालेनलाई सघाउँ भनेका छन् । बालेनको चुनौती यही हुन सक्ने कतिपयको आंकलन छ । अर्थात, महानगरको नेतृत्व मात्रै लिएर काम गर्न सकिँदैन भन्ने मनोविज्ञान नेताहरुमा छ त्यही मनोविज्ञानले महानगरपालिकाका अन्य पदाधिकारीहरुले भूमिका खेले भने समस्या हुन सक्ने कतिपयको आशंका छ । तर, पूर्वाधार विज्ञ डा. सूर्यराज आचार्य स्वतन्त्रबाट जितेर काम गर्न सक्दैन भन्नु गैर जिम्मेवार कुरा भएको बताउँछन् ।

'ठुला दलका नेताले स्वतन्त्र उम्मेदवारले काम गर्न सक्दैनन् भन्नु उनीहरुले केही राम्रो काम गर्न प्रयास गर्नेछन् तर हामी त्यसलाई फेल गरिदिनेछौँ भन्नुसरह हो' आचार्य थप्छन्, 'सिधै काम नै गर्न सक्नुहुन्न भनिदिने ? कसरी भन्न सकेको होला ?' असल काम गर्नेलाई सहयोग गर्ने र स्वेच्छाचारी हुन खोजे रोक्ने प्रयास गर्दा दलहरुलाई उनको सुझाव छ ।

**सत्तापक्ष**

कांग्रेस सांसद रिजालले पोखरेललाई प्रतिप्रश्न गरे, 'तीन बर्ष बढी तपाईंको सरकार थियो, गृहमन्त्री त्यही सरकारको हुनुहुन्थ्यो । प्रस्तुत गर्नुभयो नागरिकता विधेयक ? त्यसबेला किन अगाडि बढेन नागरिक विधेयक ?'

संसदको राज्य व्यवस्था तथा सुशासन समितिले नागरिकता विधेयक पास गरेर विधेयकको प्रतिवेदन संसदमा पेश गर्दासमेत अगाडि नबढाइएको भन्दै रिजालले एमाले उपाध्यक्ष पोखरेललाई प्रतिप्रश्न गरेका हुन् । नेता रिजालले बर्तमान सरकारलाई जति सक्दो चाँडो नागरिकता विधेयक अगाडि बढाउन आग्रह गरे । 'अहिले अनुरोध गर्दछु, माननीय गृहमन्त्रीजीलाई चाँडै गर्नुस् । थुप्रै नेपाली जनता नागरिकता नपाएर नागरिकताको हकबाट बचित हुनुपरेको छ ।'

**अमर्यादित**

जनप्रतिनिधिहरु मर्यादित, सभ्य र शिष्ट हुनुको सट्टा एकअर्काको गाली गलौज र आलोचनामा मात्रै उत्रिदा पटकपटक संसदीय मर्यादाको उल्लंघन भएको छ । तरपनि सांसद, मन्त्रीहरु मर्यादा नै भुलेर एकअर्काको गालीमा उत्रिन्छन् ।

**'चमत्कार'को...**

काठमाडौं महानगरपालिकामा मात्र नभई सुनसरीको धरान उपमहानरपालिका प्रमुखमा चुनाव लडेका स्वतन्त्र उम्मेदवार हर्क साम्पाङ राई निर्वाचित भए । जनकपुरधाम उपमहानगरपालिका प्रमुखका पनि स्वतन्त्र उम्मेदवार मनोजकुमार साह निर्वाचित भए । यता, कैलालीको धनगढी उपमहानगर प्रमुखका स्वतन्त्र उम्मेदवार गोपाल हमाल निर्वाचित भए । महोत्तरीको बर्दिवास नगर प्रमुखमा स्वतन्त्र उम्मेदवार प्रह्लाद क्षेत्री विजयी भए । उपप्रमुखमा पनि स्वतन्त्र प्यानलकै तारादेवी महतो निर्वाचित भइन् ।

माथिल्लो डोल्पाको डोल्पोबुद्ध गाउँपालिका अध्यक्षमा स्वतन्त्र उम्मेदवार कर्मा छोइवेल गुरुङ विजयी भए । कालीकोटको सान्नी त्रिवेणी गाउँपालिका अध्यक्षमा स्वतन्त्र उम्मेदवार मोहनबहादुर केसी विजयी भए । जुम्लाको चन्दननाथ नगरपालिका प्रमुखमा स्वतन्त्र उम्मेदवार राजुसिंह कठायत र खाँडाचक्र नगरपालिकाको प्रमुखमा कमलबहादुर शाही पनि निर्वाचित भए । भोजपुरको साल्पासिलिछो गाउँपालिका अध्यक्षमा स्वतन्त्र उम्मेदवार दौलथकुमार कुलुङ विजयी भए ।

भोजपुरकै मानेभञ्ज्याङ गाउँपालिका अध्यक्षमा पनि स्वतन्त्र उम्मेदवार ज्ञानेन्द्र रुम्लदाली विजयी भए । हुम्लाको चङ्खेली गाउँपालिका अध्यक्षमा स्वतन्त्र उम्मेदवार प्यारीलाल शाही विजयी भए । मनाङको मनाङ ङिस्याङ गाउँपालिका उपाध्यक्षमा स्वतन्त्र उम्मेदवार छिरिङ गुरुङ निर्वाचित भए । बाजुराको बुढीनन्दा नगरपालिकाको उपप्रमुखमा स्वतन्त्र उम्मेदवार रामबहादुर बोहरा विजयी भए् । बाजुराकै डिलासैनी गाउँपालिकाको अध्यक्षमा स्वतन्त्र उम्मेदवार सन्तोषप्रकाश जोशी निर्वाचित भएका छन् ।

निर्वाचन आयोगका अनुसार ३० वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनमा कुल ३ हजार ४९९ जनाले उम्मेदवारी दिँदा त्यस अन्तर्गत १ हजार ३ सय ९३ जनाको स्वतन्त्र उम्मेदवारी थियो ।

गाउँपालिका अध्यक्षका लागि देशभरबाट परेका २ हजार ३८७ उम्मेदवारीमध्ये १ हजार ३२ जनाको स्वतन्त्र उम्मेदवारी परेको थियो । उपमेयरमा देशभरबाट २ हजार १५८ जनाको उम्मेदवारी पर्दा ३९६ जनाको स्वतन्त्र उम्मेदवारी परेको थियो । देशभरबाट उपाध्यक्ष पदका लागि २ हजार ४०२ जनाको उम्मेदवारी पर्दा ३६४ जनाले स्वतन्त्र उम्मेदवारी दिएका थिए । वडाध्यक्ष र स्वतन्त्रहरुमा पनि उस्तै उम्मेदवारी परेको थियो । देशका बिभिन्न पालिकाहरुको वडा नेतृत्वमा पनि स्वतन्त्र उम्मेदवारहरु विजयी भएका छन् ।

देशका बिभिन्न क्षेत्रमा स्वतन्त्र उम्मेदवार विजयी भए पनि 'बालेन'को जितले भने केन्द्रीय राजनीतिमा नै तरंग ल्याएको छ । बालेनलाई पराजित गर्न मरिहत्ते गरेका ठूला राजनीतिक दलका नेताहरु नै निर्वाचन परिणामपछि बालेनसँग सहकार्य गर्न तयार रहेको अभिव्यक्ति दिन थालेका छन् ।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले नै नवनिर्वाचित मेयर बालेन साहसँग सहकार्य गर्न आफ्नो पार्टी तयार रहेको बताएका छन् । लोकप्रिय मतसहित काठमाडौंको मेयरमा निर्वाचित साहलाई बधाई दिँदै उनले यस्तो प्रस्ताव गरेका हुन् । 'यहाँले सार्वजनिक रूपमा प्रतिबद्धता गरेअनुरूप काठमाडौंलाई उत्कृष्ट सहर बनाउनेलगायतका सबै असल कार्यमा सहयोग एवं सहकार्य गर्न हाम्रो पार्टी सदैब तत्पर रहेको छ,' नेपालले सन्देश नै जारी गरेर भनेका छन् ।


## समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
## Samata Gharelu Laghubitta Bittiya Sanstha Limited

Microfinance

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको)
**Boosting Agriculture..... Thinking Food Security & Poverty Reduction**
**केन्द्रीय कार्यालयः** बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल, फोन नं.: ०११-५९७०००
इमेलः samata@samata.org.np, वेबसाइटः www.samata.org.np

**संस्थापक शेयर खरिद गर्न चाहनुहुने महानुभावहरूलाई जरूरी सूचना**

प्रकाशित मिति : २०७९/०२/१४

यस कम्पनीको केही संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको ७५,३१९ कित्ता संस्थापक शेयरहरु विक्री गर्ने इच्छा राखि निवेदन दिनु भएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रित पुऱ्याई बिक्री गर्ने प्रक्रिया अघि बढाउने निर्णय भई हाल कायम यस कम्पनीका संस्थापक शेयरधनीहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था बमोजिम मिति २०७८/१२/२६ गते प्रचलित नियमानुसार ३५ दिने सूचना "मध्यान्ह" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा उक्त अवधिमा बिक्रीको कुल शेयर कित्ता मध्ये २६,७०६ कित्ता शेयर हाल कायम संस्थापक शेयरधनी महानुभावहरुबाट खरिदको लागि आवश्यक कागजात सहित निवेदन प्राप्त भई प्रचलित नियमानुसार खरिद बिक्रीको स्वीकृति प्रक्रिया अघि बढाइएको हुँदा बिक्री हुन बाँकी ४८,६१३ कित्ता शेयर बिक्रीको लागि संस्थापक शेयर खरिद गर्न योग्य ईच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरि कम्पनीको केन्द्रीय कार्यालय बनेपा-७, काभ्रेपलाञ्चोकमा आफुले खरिद गर्ने शेयर कित्ता र प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो सोको व्यहोरा खुलाई निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०८/०२ मा दर्ता भएको **प्रा.लि. नं. १४१७६० को बाँस्कोटा इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३२ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## Cyprus मा रोजगारको अवसर पून:विज्ञापन

१.कम्पनी:-Mavromatis Employment Bureau Ltd, Larnaca, Cyprus

पूर्व स्वीकृती मिति २०७८।०६।१४ चलानी नं. ६०१६४४९६ LT.No. 247318

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | - | 02 | साधारण ज्ञान | 455 | ६२,५००/- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | EC | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले तिर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीसा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००/- | कामदार स्वयं रु. १,००० /- | रु ४०,०००/- |

**अन्तर्वार्ता २०७९ जेठ २१ गते (4 June, 2022) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।**

[illegible]

APPS SERVICES PVT. LTD.
श्रम इजाजत नं. ११७२/०७३/७४
बालकुमारी-८, ललितपुर. फोन नं. ५१८६०१८ फ्याक्स:- ५१८६०३०.
Email: infoapps1172@gmail.com

**कर्मचारी आवश्यकता**

यसै मेनपावर कम्पनीको लागि Documentation- 2 (F), Receptionist- 2 (F) आवश्यकता भएकोले इच्छुक महिलाहरुले आफ्नो बायोडाटा माथी उल्लेखित इमेल ठेगानामा पठाउनु होला ।
तलब सुविधा आपसि समझदारीमा तय गरिने छ ।



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०२/१४

यस कम्पनीको मिति २०७९/०२/०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनी **एम. बि. एस ट्राभल एण्ड टुर्स प्रा.लि. (प्रा.लि. नं. १३३११६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०२/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ट्रेल विल्डर्स नेपाल एडभेन्चर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०३/२१ मा दर्ता भएको **प्रा.लि. नं. १५१७४४/०७२/०७३** को **पूजा ग्यांस प्रा. लि.**को मिति २०७९/०२/०१ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः चक्र बहादुर थापा, इजाजतपत्र नं. ४५९**
**ठेगाना : अनामनगर-२९, काठमाडौं, फोन नं. ९८५१०८२१५५**



## त्रियुगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**गाईघाट, उदयपुर**
**प्रदेश नं. १ नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

**प्रकाशन मिति २०७९/०२/१४**

त्रियुगा नगरपालिका कार्यालयबाट मिति २०७९।०१।०५ गते EGP-ii System मार्फत आव्हान गरिएको ठेक्का बोलपत्रदाताहरुबाट प्राप्त आर्थिक एवं प्राविधिक प्रस्ताव मध्ये मिति २०७९।०२।०५ गतेमा खोलिएको बोलपत्रदाताहरुका प्राविधिक प्रस्तावहरुको मूल्यांकन बोलपत्र मूल्यांकन समितिबाट मिति २०७९।०२।१३ गते सम्पन्न भई स्वीकृत लागि नगरपालिका कार्यालयमा तपसिल बमोजिमको बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) उपनियम ५ बमोजिम निम्नानुसारको मिति, सयम र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरि सूचनमा प्रकाशन गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलने मिति र समय : २०७९।०२।२३ गते दिनको ११:०० बजे**
**स्थान : त्रियुगा नगरपालिका, गाईघाट, उदयपुर ।**

**तपसिल**

| सि.न. | ठेक्का नं. | प्राविधिक प्रस्तावबाट सारभूतरुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नमाबली |
|---|---|---|
| 1 | TM-UDA-WORKS-NCB-23-2078-79 Construction of Administrative Office Building, Triyuga Municipality Gaighat Udayapur | Gyan Jyoti Builders Pvt. Ltd. Katttike Durali 6 Kavre, Tinkune Kathmandu- 32 |

**प्रमुख प्रशासकिय अधिकृत**



## ललितपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**पुल्चोक, ललितपुर**
**बागमती प्रदेश, नेपाल ।**
**खरिद इकाई**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशितः २०७९/०२/१४**

यस कार्यालयबाट मिति २०७८/१२/२७ मा प्रकाशित, "Consulting Services for the Design, Construction Supervision and Contract Management of Different Roads under LMC, EOI No.: LMC-EOI-078/79-03", सूचना अनुसार रितपूर्वक पेश हुन आएका आशयपत्रहरुको मूल्याङ्कन पश्चात, सार्वजनिक खरिद ऐन २०६३ (संसोधन समेत)को दफा ३०(५) बमोजिम, तपसिल अनुसारको संक्षिप्त सूची तयार पारी सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन समेत)को नियम ७०(१०) प्रयोजनार्थ सम्बन्धित सबै परामर्शदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| S.No. | Name of the Shortlisted Consultant | Remarks |
|---|---|---|
| 1 | BEAM Consultant Pvt. Ltd., IMPULSE Consultants Pvt. Ltd., & Smart Engineering and design solution Pvt. Ltd. JV, Lalitpur | |
| 2 | B.N. Consultancy Pvt. Ltd., Lalitpur | |
| 3 | Civil Informatics and Solutions P. Ltd, Building Design Authority (P) Ltd., & Dream Geo Lab Pvt. Ltd. (JV), Lalitpur | |
| 4 | ITECO Nepal (P) Ltd., Total Management Services Pvt. Ltd., & A. Not Architecture N. Architects (P.) Ltd. JV, Kathmandu | |
| 5 | Naya Rastriya Engineering Consultancy Pvt. Ltd, Technocrat Consultancy Pvt.Ltd., & Unique Engineering Consultancy Pvt. Ltd. JV, Lalitpur | |
| 6 | North Star Engineering Consultant P. Ltd., Grid Nepal Design Associates Pvt.Ltd., & Garima International Design Associates Pvt. Ltd., Lalitpur | |

**नोटः संक्षिप्त सूचीमा परेका परामर्शदातासंग अर्को सूचना/पत्र मार्फत प्रस्ताव माग गरिनेछ ।**

# भ्रष्टाचारमुक्त पालिका बनाउन पहल गर्छु: उपाध्यक्ष खड्का



**रामप्रसाद सुवेदी / मध्यान्ह**
हापुरे, १३ जेठ

बबई गाउँपालिकाका उपाध्यक्ष बम कुमारी खड्काले आफ्नो पाँच वर्षे कार्यकालमा बबई गाउँपालिकालाई भ्रष्टाचार मुक्त पालिका बनाउने प्रतिवद्धता जनाएकी छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवल सम्पर्क कार्यालय नेपालगन्जको आयोजनामा सरस्वती माध्यामिक विद्यालयमा भएको कार्यक्रममा उपाध्यक्ष खड्काले उक्त प्रतिवद्धता जनाएकी हुन् ।

उपाध्यक्ष खड्काले विद्यार्थीहरु देशका कर्णाधार भएकाले सबै क्षेत्रमा खबरदारी गर्नसक्ने हुँदा यस्ता कार्यक्रम सबै विद्यालयहरुमा आयोजना गर्नुपर्ने बताइन् ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भिष्मकुमार मल्लले भ्रष्टाचार अधिकांश स्थानीय तहमा हुने कुराहरुमा जोड दिँदै चुनावका बेला स्थानीय तहमा हुने अनावश्यक खर्च रोक्न सके भ्रष्टाचार कम हुने बताए । मल्लले पाठ्यपुस्तकमा समेत यो विषय समेट्न सके राम्रो हुने धारणा राखे ।

विद्यालयका प्रध्यानाध्यापक ललीत केसीले यस कार्यक्रम विद्यालयलाई छनौट गरेकोमा आयोजकलाई धन्यवाद ज्ञापन गरे । कार्यक्रममा सहभागीका तर्फबाट बोल्दै सतीराम चौधरी र बिदुसी राम्जाले आफुहरुले सीकेका कुराहरु गाउँघरमा समेत सिकाउने बताए । कतै भ्रष्टाचार भए खबरदारी गर्दै भ्रष्टाचार मुक्त समाज निर्माणमा लागीपर्ने उनीहरुले बताए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवल सम्पर्क कार्यालय नेपालगन्जका कार्यालय प्रमुख विजयराज पौडेलको अध्यक्षता तथा बबई गाउँपालिकाका उपाध्यक्ष खड्काको प्रमुख आतिथ्यतामा सम्पन्न कायक्रमको संचालन आयोग बुटवल सम्पर्क कार्यालय नेपालगन्जका शाखा अधिकृत श्रीधर टन्डनले गरेका थिए ।

### खोटाङ एमालेले भन्यो

# कार्यकर्ता कुट्नेलाई कारबाही गरियोस्

**सन्तोष पौडेल / मध्यान्ह**
खोटाङ, १३ जेठ ।





नेकपा एमाले खोटाङका वडा कमिटी सदस्य पूर्ण बहादुर राईमाथि आक्रमण भएको छ । जिल्लाको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका जाल्पास्थित एक होटलमा उनीमाथि आक्रमण भएको नेकपा एमाले खोटाङले जनाएको छ । एमाले खोटाङ जिल्ला कमिटी अध्यक्ष राम प्रसाद दंगालले एक प्रेस विज्ञप्ति जारी गरी उनीमाथि भएको आक्रमणप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै दोषिमाथि कारबाहीको माग गरेका छन् ।

विज्ञप्तिमा राईमाथि नेकपा माओवादी केन्द्र अनुशासन आयोगका अध्यक्षसमेत रहेका टंक राई, अम्बिका राई, धनिराम राई, पदमा विक र विवेक राईले मरणासन्न हुने गरी कुटपिट गरेको आरोप लगाइएको छ ।

विज्ञप्तिमा अगाडि भनिएको छ 'घटना योजनावद्ध र सुनियोजित देखिन्छ । घटनालाई छिपाउन र अन्यत्र मोड्न विभिन्न किसिमका कुप्रचार गरी सत्यतथ्यलाई कमजोर बनाउन विभिन्न बहानाबाजी गरेको देखिन्छ ।' विज्ञप्तिमा दोषिलाई तत्काल पक्राउ गरी कडाभन्दा कडा कारबाही गर्न माग गरिएको छ । जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी नायव उपरीक्षक उमेश लम्सालका अनुसार राईमाथि आक्रमण गर्नेविरुद्ध किटानी जाहेरी परेको छ । 'आज किटानी जाहेरी परेको छ, दोषि पत्ता लगाएर कानून बमोजिम कारबाही गर्छौं' उनले भने । घाइते राईको अहिले जिल्ला अस्पताल खोटाङमा उपचार भइरहेको छ ।

# सवा पाँच करोड बढी रकम ठगी आरोपमा दुईजना पक्राउ

**काठमाडौं / मस-** सरकारी जग्गासमेत बैना गरी ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भक्तपुरको चाँगुनारायण नगरपालिका-७ बस्ने केशव प्रसाद अधिकारी र भक्तपुर नगरपालिका-८ बस्ने ५८ वर्षीय ईश्वर गाइजु रहेका छन् । भक्तपुर सुडालमा रहेको ४ आना सरकारी जग्गा र अन्य व्यक्तिको निजी जग्गासमेत देखाएर उनीहरुले पाँच करोड २० लाख ठगी गरेको उजुरी परेको थियो । उनीहरुलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले शुक्रबार दिउँसो भक्तपुर नगरपालिका १० स्थित मालपोत गेटबाट पक्राउ गरेको हो । उनीहरुलाई आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी परिसर भक्तपुर पठाइएको उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक कृष्ण प्रसाद कोइरालाले जानकारी दिए । उनीहरुलाई खोटाङको बुईपा ३ घर भई हाल दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका १४ बस्ने धनिराम राई समेतको जाहेरीमा पक्राउ गरिएको प्रहरीले जनाएको छ ।


## परिचयपत्र हरायो

यस कम्पनीमा कार्यरत कर्मचारीहरुको साउदी दूतावासको परिचयपत्र मिति २०७९/०१/१५ गते **सिनामंगल** बाट **सामाखुसी** सम्म आउँदा निम्न नाम भएको परिचयपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम:** RAJENDRA BASNET
**कार्ड नं.:** 406

**नाम:** DIL KUMAR SHRESTHA
**कार्ड नं.:** 406

**Al Secure Manpower Recruitment P. Ltd.**
श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700 | Email: documentation@smrnepal.com | Website: smrnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Creativity Integration Foundation for Maintenance and Cleaning शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०७९/०१/०६ चलानी नं.: ६०१७९९१७ LT. No.:261652

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 26 | 0 | स. काममा दक्ष | 1000 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २१ गते (4 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Om International Human Resources Pvt. Ltd.**
Gov. Lic. No.:1437/074/075 | Address: Basundhara, Kathmandu, Nepal
Tel : 01-4363646, 4380145 | Mob: 9851003367, 9851099948, 9842634874, 9851182358, 9815872827.



## कुवेतमा रोजगार

कम्पनी : VATRENA CENTRAL MARKET COMAPANY FOR NON-FOOD STUFF. शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०२/१३ चलानी नं.: ६०१७९२०० LT. No.: 263757

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Ladies | 0 | 3 | स. काममा दक्ष | 140 | ५६,६९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ २१ गते (4 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि: शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
(Birad Associates Pvt. Ltd.)
ईजाजत न.: ४०७/०६०/०६१
Sukedhara-4, Kathmandu, Nepal | Tel : 01-4375822, 01-4375824
Mobile: 9841781155, E-mail: cm.birad@gmail.com



## साउदीमा रोजगार

कम्पनी: KAWDIR NAJRAN EST FOR GENERAL CONTRACTING शहर : NAJRAN
पूर्व स्वीकृत मिति: २०७९/०२/१३ चलानी नं.: ६०१७९८७७ LT. No.: 263502

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 5 | 0 | स. काममा दक्ष | 1500 | ४९,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २१ र २२ गते (4 & 5 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Shahid Overseas Pvt. Ltd.**
Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 4414440, 4443434
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com



## UAE मा रोजगार

कम्पनी : AL FARAH CONTRACTING & GENERAL TRANSPORT COMPANY L.L.C शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०७९/०२/१३ चलानी नं.: ६०१७९८८१ LT.No.:263790

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 8 | 0 | सम्बन्धित काममा दक्ष | 950 | ३२,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 6 | 0 | | 950 | ३२,०२४ | | | | | | | |
| 3. | Electrician Assistant | 8 | 0 | | 950 | ३२,०२४ | | | | | | | |
| 4. | Stone Mason | 10 | 0 | | 950 | ३२,०२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २१ गते (4 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लिंक ईन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा. लि.**
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
टोखा-५, बसुन्धारा, काठमाडौं, (इसान बाल नर्सिङ्ग अस्पतालको पछाडी पट्टि) फोन : ०१-४९५६६५४, ०१-४९५५९७८
Contact: Head Office Kathmandu 9849664971, Contact Jhapa Office: 9815991008
Email: linkinternationalnepal@gmail.com, Website: www.linknepalmanpower.com



पुन: विज्ञापन

## UAE मा बैदेशिक रोजगारको अवसर

कम्पनी : SERVE U (L.L.C.) पूर्व स्वीकृती मिति: २०७७/११/२५ चलानी नं. ६०१५२१८७ LT No. : 236918

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Security Guard | 50 | 4 | [illegible] | 1800 | ६०,७९९।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |
| २ | Male Life Guard | 45 | 0 | | 1200 | ४०,५३३।- | | | | | | | |
| ३ | Cleaner | 300 | 100 | | 800 | २७,०२२।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०७८ जेठ २१ गते ( 4 June, 2022) यस प्रा. लि. को कार्यलय सिनामंगलमा हुनेछ

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: [illegible]

**अल जराफा ह्युमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.**
श्रम इजाजत नं.: [illegible]
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८, ९८१८५१०५३३





## MALAYSIA मा वैदेशिक रोजगार



कम्पनी: INFINIC PLASTIC TECHNOLOGY SDN. BHD. | शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०२/१३ चलानी नं.: ६०१७९९२० LT. No.: 263712

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ९ गते (23 March 2022) मा हुनेछ ।

नोट: गार्मेन्ट कम्पनीको लागि ठुलो संख्यामा कामदार चाहिएको हुनाले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला साथै सिलाईको काम जानेकालाई विशेष प्राथमिकता दिइनेछ । सेवाशुल्क नि:शुल्क रहेको छ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Govt Lic No. 1503/074/075
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GALLERIA ART शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०२/१३ चलानी नं.: ६०१७९८७४ LT. No.: 263802

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६१,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | furniture Woodworker | 6 | 0 | | 1000 | ३३,९०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २१ गते (4 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SAPTAKOSHI HUMAN RESOURCE PVT. LTD.**
SHR Est. 2010 — Gov. Lic No. 884/067/068
Tilganga-9, Kathmandu Tel: +977- 1- 4483524, 4483525
Email: info@saptakoshihr.com



## मलेसियामा रोजगार

कम्पनी: SUBITEC SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०२/१३ चलानी नं.: ६०१७९८९७ LT. No.: 263795

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Factory Workers | 8 | 0 | स. काममा दक्ष | 1500 | ४२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २१ गते (4 June 2022 ) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुस७ग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सदिक्षा ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ७६९/०६५/०६६
सामाखुसी टाउन प्लानिङ्ग (स्वीमिङ पुलसँगै), काठमाडौं, नेपाल , फ्याक्स : ४३८६५२५
फोन: ४३८०१८१, ४३८८२००, ४३८६५२५
Mob:- 9851332383/ 9851332382/ 9851332384/ 9851332385
Email:info@sadiksha.com.np, Web: www.sadiksha.com.np



## मलेसियामा रोजगार

कम्पनी : INTEC PRECISION ENGINEERING SDN.BHD. शहर: JOHOR
पूर्व स्वीकृत मिति: २०७९/०२/१३ चलानी नं.: ६०१७९८९९ LT. No.: 263241

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 22 | 0 | स. काममा दक्ष | 1500 | ४२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २१ गते (4 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Apollo Manpower Services Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: २२/०४८/०४९
Pinglasthan-9, Gausala, Kathmandu, Tel: 5901748, 5901370, Fax: 4490042
E-mail : amps@mos.com.np, info@apollomanpower.com
apollomanpower2017@gmail.com, Web : apollomanpower.com



## SAUDI मा रोजगार

कम्पनी : BERAIN FOR WATER & BEVERAGE FACTORY शहर : Saudi
पूर्व स्वीकृत मिति: २०७८/०६/११ चलानी नं.: ६०१६४२६१ LT. No.: 242195 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 20 | 0 | स. काममा दक्ष | 1800 | ५९,४१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता इजिवे ट्रायल सेन्टर, तिलोत्तमा-०५, बुटवलमा २०७९ जेष्ठ २० र २१ गते (3 &4 June 2022) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ जेष्ठ २२ गते (5 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE



## कतारमा रोजगारको अवसर

कम्पनी: FAST DELIVERY शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०२/१३ चलानी नं.: ६०१७९९१२ LT. No.: 263686

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 70 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५०,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electric | 4 | 0 | | 1300 | ४४,०७० | | | | | | | |
| 3. | Patch Worker | 1 | 0 | | 1300 | ४४,०७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २१ गते (4 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AAYUSH OVERSEAS PVT. LTD.**
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01-4112559, 4112586
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np

## कथा

# ह्वील चेयरमा फर्कियो माइलो

धेरै दुःख पायो माइलोले । पैसाको भन्दा पनि परिवारको साथ अनि माया पाएन । दिन, महिना, अनि वर्षदिन विस्तारामा बस्दा आत्तियो माइलो । बल्ल घरपरिवार सम्झने फुर्सद आयो । मकै र भटमास पोको पारिदिएर निधारमा रातो टिका लगाइदिएर उच्च शिक्षाका लागि आमाको काख र घर छोडेको सम्झियो । छोराछोरी र श्रीमतीलाई अमेरिका बसाईको सुखद कामना गरेर अमेरिकाबाट ह्विलचियरको साथमा १६ वर्षपछि देश फर्कियो ।



■ चन्दा थापा 'चन्द्रीका'

रात बित्दो छ । घण्टाघरले ट्याङ-ट्याङ १२ बजेको संकेत दिइरहेको छ । तर, आज माइलालाई निन्द्रा लागेको छैन । जीवन जीउन र नितान्त नीजि सुखकै लागि माइलाले के मात्र गरेन र ! अमेरिकाबाट फ्लाइ दुवईको फ्लाइटमा घर फर्किएको माइलो रातिको १० बजे काठमाडौंको अन्तराष्ट्रिय विमानस्थलमा उत्रिएको थियो । जाने बेलामा सग्लो गएको थियो माइलो, हट्टा कठ्टा ४० वर्षे जवान थियो । तर, अमेरिकाको १६ वर्षको बसाईसँगै माइलो ह्वील चेयरमा बसेर देश फर्कन बाध्य भएको थियो ।

अमेरिकाबाट सँगै आएका गुल्मीका सुर्यबहादुरले उनलाई अमेरिकाबाट नेपालसम्मको साथ दिएका थिए । 'दुःखमा त हो नि नेपालीले नेपालीलाई साथ दिने ।' बाटोभरि सुर्यप्रसादले यही भन्दै ढाडस दिएका थिए । उनी भन्थे 'धन्दै नमान्नुस् पऱ्यो भने म तपाईलाई घरसम्मै साथ दिनेछु ।' जहाजभित्र, पानी, खाना, ट्वाइलेटलगायतमा उनले खुब साथ दिएका थिए माइलालाई । २१ घण्टे यात्रामा पटक-पटक भक्कानिँदै खुब रोएको थियो माइलो । अमेरिकाको यथार्थता अनि आमा बाबुको माया सम्झेर ।

पण्डित्याइँ गर्थे शारदानाथ । दयालु र मायालु थिए । उनी अरुजस्ता पण्डित थिएनन्, जो टुप्पी पालेर पूजा गरेर धर्मको आडम्बरमा दुनियालाई छलेर, हेपेर अनि अन्याय गरेरै जिवीकोपार्जन गर्नुपर्छ भन्ने उनको मनमा थिएन । गंगाको निश्चल पानीजस्तो थियो उनको मन । गाउँमा अन्यायमा परेकालाई सहयोग गर्थे, गरिबीको अभावमा अस्पताल जान नसेकेकालाई सकेको आर्थिक सहयोग गर्थे । गाउँका जमिन्दारले खोसेको गरिबको जमिन उसैलाई फर्काइदेउ भनेर कति पटक जमिन्दारसँग लड्न पनि जान्थे । गाउँका धारा पधेराँमा हुने छुवाछुतको उनी खुलेरै विरोध गर्दथे । मात्र मानवसँगको मानब सम्बन्धमा मानवीयता देखाउँ भन्थे ।

पण्डित शारदाका तीन भाइ छोरा थिए । पण्डित्याइँ गरेर जीवन गुजारा गर्नु परे पनि दुनियाका छोरा छोरीलाई पढाउनुपर्छ भनेर सचेतना जगाउँदै हिड्ने शारदानाथले आफ्ना छोराहरुलाई पनि उच्च शिक्षा पढाउने रहर खुब थियो । त्यसैले त पण्डित्याइँ मात्र नभएर गाई, भैसी, बाख्रा गोठालोसमेत गर्न भ्याउँथे पण्डित शारदानाथ ।

छोराहरुमध्ये जेठो र कान्छोभन्दा पनि माइलोलाई खुब माया गर्थे । जेठो र कान्छालाई अन्य काममा हिँडाए पनि माइलोलाई घरमा बसेर पढ्न लगाउँथे । पढ्नकै लागि वातावरण मिलोस् भनेर उनले माइलाको लागि यस्तो युक्ति निकालेका थिए ।

सानैदेखि पढाईमा तीक्ष्ण थियो माइलो । माध्यमीक तहको पढाई गाउँमै सक्यो उसले । उ सँगै उसका दाइ र भाइ पनि दुःख सुख पढ्दै गए । जेठो गाउमै बसेर मास्टरी थाल्यो भने माइलो काठमाडौं पढ्न जाने रहर देखाएपछि पण्डित शारदानाथले उनलाई काठमाडौं पढ्न पठाउने निर्णय गरे । तर, साथमा पण्डित्याइ गरेको २-४ रुपैयाँ भन्दा बढी पैसा थिएन । जति आउथ्यो, पण्डितनीको उपचार खर्च, छोराहरुको पढाइ अनि खानपिनमै सकिन्थ्यो । तै पनि शारदानाथले हिम्मत हारेनन् । माइलो छोरालाई काठमाडौं राखेर उच्च शिक्षा पढाउनका लागि घरमुनिको धानखेत बेच्ने निर्णय गरे । त्यसका लागि जेठा र कान्छासँग पनि राय मागे । उनीहरुले पनि माइलोको उच्च शिक्षाको सपना पूरा होस् भन्ने कामना गर्दै बाउको कुरामा सहमत भए ।

आमा मनकुमारी केही दिनदेखि विस्तारामै लत्रिएकी थिइन् । छोरा काठमाडौं पढ्न जान्छु भन्दा भित्र भित्र भक्कानिइन् । विछ्यौनाबाट हत्तपत्त उठ्न नसक्ने आमा माइलो काठमाडौं हिँड्ने दिन भने बिछ्यौनाबाट जुरुक्क उठिन् । बाटोमा खान भनेर अघिल्लो दिन बल्ल-बल्ल जाँतोमा नारिएर स्वाँ स्वाँ पिसेको मकै, भट्ट, गहुँ, भुटेर बनाएको सातु पोको पारिदिइन् । पुसको जाडो थियो, आमा आफै काम्दै कुना कुनामा थन्क्याएर राखेको माइलाको लुगा सबै निकालिदिइन् र पोको पारिदिइन । अनि बाटोमा अर्नि खानका लागि मकै ठिक्क पारिदिइन् । रातो मालती कलरको रंगमा टिका बनाएर छोरालाई आँखाभरी आँसु बनाउदै गर्लम्म अंगालो हालेर बिदा गरिन् ।

हिड्ने बेलामा आमा र बाको खुट्टा ढोग्दै खुब रोएको थियो माइलो । तर, शारदानाथले भक्कानिएको मुटु सम्हाल्दै भनेका थिए, 'जा माइला, बेलैमा सहर जाँदैछस् तेरी आमा र मेरो सपना पूरा गरेस्, हामीले तँमाथि देखेको सपना र विश्वासले तैले तेरो जेठा दाइ र कान्छा भाइको भविस्य पनि उज्जवल बनाउनेछस भन्ने आसा छ ।'बा ले भनेको कुरा मनमा लिएर 'हुन्छ बा तपाईको सपना म पूरा गर्नेछु' भनेर घरबाट निस्किएको थियो माइलो । काठमाडौं सहरमा आयो माइलो । त्यतिबेला सहर अहिलेको जस्तो थिएन । कम मानिस, कम सवारी कम धुलो धुँवा । बैशाखमा पनि बाक्लो सिरक ओढ्नुपर्ने जस्तो थियो काठमाडौंको चिसो । गाउँमा भन्दा बढी काठमाडौंमा चिसो रहेको महसुस गऱ्यो माइलाले ।

काठमाडौंमै बस्ने तल्लाघरे मास्टरको पछि लागेर काठमाडौं आएपछि क्याम्पस भर्ना भयो माइलो । त्यही..बिज्ञान. विषय लिएर पढ्यो । उसको पढाईको लागि पण्डित शारदानाथले खेत बेचेरै खर्च पठाइरहे । खुब मितव्ययी थियो माइलो । बाउले पठाएको पैसा अन्त खर्च गर्न हुँदैन भन्थ्यो । यदि खर्च भई हालेपनि त्यो भन्दा बढी कसरी गराउने भन्ने ध्यानमै हुन्थ्यो माइलो । त्यसैले कहिलेकाँही ठमेलमै टुरिष्टहरुलाई घुमाउने काम पनि गर्दथ्यो उसले ।

यता बर्षैपिच्छे माइलोले उच्च शिक्षा लिँदै गयो । उता घरपरिवार पनि राम्रै चल्दै थियो । एक्कासी आमा मन कुमारीलाई व्यथाले च्याप्यो । उनको आधा व्यथामा माइलोको चिन्ता मिसिएको थियो । जन्मेदेखि आफूलाई छोडेर कतै नहिँडेको माइलो, के खायो होला ? कसरी बस्यो होला ? बिरामी पर्दा दबाई कस्ले दियो होला ? खान पायो होला कि पाएन होला ? भनेरै सोँच्दा सोच्दै दिन बिताउँथिन् मन कुमारी । त्यही पिर अनि आफ्नो व्यथाले थलिइन् । १५ दिनसम्म ओछ्यानमै भइन् । बोल्ने साहस र शक्ति भएन । यता माइलाको स्नातकोत्तरको अन्तिम वर्षको परीक्षा चलिरहेको थियो । बोलाउन पठाउने र बोलाएर आउने अवस्था पनि भएन । अन्ततः मनकुमारीले अन्तिममा आँखा पर-पर बाटोसम्म पुऱ्याँउदै तनक्क ज्यान तानेर संसारबाट विदा भइन् । सायद उनको आँखाले घर छिर्ने डहरमा माइलो छोरो झोला बोकेर उभिएको र दौडदै आमा भन्दै आउँछ भन्ने आश गरेको थियो ।

आमा बितेपछि ५ दिनमा मात्रै खबर पायो माइलोले । उसको घर आउन तीन दिनभन्दा बढी लाग्थ्यो । भनेको बेलामा खबर पठाउने मान्छे पनि पाएनन् र अन्तिम परीक्षा नबिग्रोस भन्ने पनि सोचे शारदानाथले । त्यसैले पनि अन्तिम अवस्थामा आमाको मुख देख्न पाएन माइलोले । आमाको काज किरिया सकेर फेरि काठमाडौं फर्कियो माइलो । काठमाडौंमै बसेर मास्टर्स सक्यो । त्यही बीचमा उसले काभ्रेकी शुसिलासँग बिहे गऱ्यो । उनीहरु क्याम्पस पढ्ने क्रममा भेट भएका थिए ।

शारदानाथ छोराले मार्स्टस सकेकोमा गर्व गर्थे । गाउँमा सबैले उनको सह्राना पनि गर्थे । 'पण्डित बाजेका छोराले डिग्री गरेरे' भन्दै गाउँभरी कुरा चल्दथ्यो । कतिले त माइलोले गाउँमै फर्किएर गाउँका गरिब दुःखीलाई पढाइदिन्छन् कि भन्ने आशा गर्दै पण्डित शारदानाथलाई आफ्नो कुरा सुनाउँथे । उनीहरुको कुरा सुनेर मुसुक्क हाँस्दै पारी हेर्दै सन्तोषको लामो सास फेर्थे शारदानाथ । खुसी थिए, उनी छोराले उच्च शिक्षा हासिल गरेकोमा । तर, समय र परिस्थितिले कहिलेसम्म साथ दिन्छ र, विस्तारै शारदानाथ पनि थलिदैं गए । श्रीमतीलाई जस्तै रोगले उनलाई सताउन थाल्यो ।

घरभरीका डिंगा बाच्छा हेर्न र पण्डित्याइ गर्न नसक्ने अवस्थामा पुगे । त्यो अवस्थामा पण्डितलाई साथ दिने केवल ठूलो छोरा थिए । क्याम्पस टेकेका तर, परिस्थितिले बढी शिक्षा लिन नपाएका पण्डितबाको ठूलो छोरा नै अब बाबुको बलियो काँध बनेर उभिए । उनी मास्टरी गर्दथे । घरका डिंगा बाच्छाका गोठालो बन्थे । अनि फुर्सद पाउना साथ गाउँभरीका बालबालिका बटुलेर उनीहरुलाई कखरा सिकाउँथे । जिवन र जिन्दगीको परिभाषा सिकाउँथे । देश र समाजका लागि सबै बालबालिका योग्य नागरिक बन्नुपर्छ भन्थे । ठ्याक्कै शारदा प्रसादको बिढो थामेका थिए ठूलाले ।

तर, कान्छा भने त्यस्ता भएनन् । कान्छा सानै हुँदा आमाले छोडेर गइनँ । माइलो पछिको कान्छो भनेर बाले पनि कहिल्यै केही भनेनन् । ठूलाले त कान्छो भाइ भनेर वरको सिन्को पर सार्न दिएनन् । आफूले पढ्न नपाएपनि कान्छा भाइलाई डाक्टर बनाएर गाउँको सेवा गराउने उनको ठूलो सपना थियो । गाउँमा डाक्टर नभएकैले आमाले बाँच्न नपाएको भन्ने उनको मनमा थियो । त्यसैले पनि भाइलाई डाक्टर बनाएर गाउँभरीका धेरै आमाहरुको जीवन बचाउन चाहान्थे ठूला ।

तर, कान्छाले पनि माइलाकै बाटो समाएर उच्च शिक्षा हासिल गर्न सहर पसेका थिए । घरमा बा र ठूला मात्रै भए । दुःख सुख गरेर बा लाई सहयोग गर्दै अनि घर धान्दै आए ठूलाले । एउटी सुशील कन्या पनि बिहे गरका



थिए । भाइहरुको उपस्थितिमा धुमधामसँग बिहे गर्ने रहर थियो ठूलाको । तर, घरको खराब परिस्थितिले बाँधिएका उनले त्यो गर्न सकेनन् । अन्तत बाको हातबाट टिका लगाएर एउटी कन्या भित्राए । उनले बा'को स्याहार गर्ने र घर स्याहार्न थालिन् भने ठूलाले बाउको पेशा सहित समाजसेवा गर्न थाले ।

काठमाडौंमा बसेको कान्छो माइलादाइको व्यक्तिगत जीवनचर्याबाट आजित भैसकेको थियो र उसले निराशा शिवाय व्यक्त गर्न छाडिसकेको थियो । बन्द व्यापारका लागी ऋृण पनि नदिने र गाउको जग्गा बेच्नपनि माइलाले नै रोकेको कारण उसले बेलामौकामा रोष पनि प्रकट गरेको थियो । यसैबिच माइलोले अमेरिका जाने मेसो मिलायो । ठमेलमा आउने टुरिष्टसँग उसको संगत बढ्दैगयो । अनि त घुम्ने बहानामा अमेरिका पस्यो । उसका तीन छोराहरु थिए । विस्तारै छोरा र श्रीमती पनि अमेरिका झिकायो । अमेरिकाको एउटा प्रशिद्ध कम्पनीमा काम पायो माइलोले । छोराहरु त्यही पढायो । श्रीमतीले पनि काम गरिन् अनि छिट्टै नै अमेरिकामा नै राम्रो व्यवस्था गरे उनीहरुले ।

रमाइलो थियो अमेरिका । संसारका मानिसहरुको सपनाको देश अमेरिकामा माइलो पनि खुसी थियो । कहाँको पानी चुहिने गाउँको खरको छानो अनि कहाँको बंगला गाडीसहितको सुख सुविधाको अमेरिकाको बसाई । सुखले छिट्टै नै दुःख बिर्साइदिन्छ भनेजस्तै माइलोलाई पनि अमेरिकाको सुखले घरको विगत सबै बिर्साइदियो । मनग्य पैसा कमायो । यता नेपालमा ससुरालीका आफन्तमार्फत् ठाउँठाउँमा घडेरी जोड्यो । अनि गाउँमै पुगेर पनि अमेरिकी स्टाइलमा सुविधायुक्त आधुनिक घर बनाएर सालीका परीवारलाई बस्नदियो । तर, बिरामी बाबु र रातोदिन बाबुको सेवा गरेर आफ्नो जीउनी आफ्नो माटो धानेर बसेको ठूलोदाइ र आफ्नो धरोहर 'बा' लाई माइलाले सामान्य औपचारीकता पुरा गरेर अमेरीका फर्किएको थियो ।

केही वर्षपछि विस्तारै गाउँमा फोन चल्यो । लाइन लागेर फोन गर्नुपर्थ्यो । ठूलाले दुई घण्टा लगाएर माइलोलाई फोन गर्न जान्थ्यो । तर, यता र उताको समय नमिलेर पनि होला कहिले दुईभाइको भेट हुन्थ्यो, कहिले हुन्थेन् । भेटमा केही बेर सन्चो बिसन्चो सोधेर बाबुको बिमार र उपचारका लागि पैसाको कुरा गर्थ्यो ठूलाले । त्यो बाध्यता पनि थियो ठूलाको ।

बुबा गम्भीर बिरामी भएको र अप्रेशन गर्न तीन लाख पैसा जोहो गर्न काठमाडौंका डाक्टरले भनेका थिए । तर, ठूलाले त्यसको जोहो गर्न सक्ने अवस्था थिएन । उसका पनि चार छोराछोरी भइसकेका थिए । ती छोराछोरीलाई खान, लाउन अनि उनीहरुको शिक्षा अनि बाको दबाई गर्न खुब धौ-धौ थियो ठूलोलाई । जहिले पनि आशा गर्दथ्यो, अब त माइलोले पैसा पठाउला र बाको अप्रेसन गर्न काठमाडौं लिएर जाउँला भनेर तर, माइलाले कहिल्यै पठाएन । माइलाले जहिले पनि अमेरिकामा आफ्ना पनि बाध्यता र विवशता छन् भनेर टाऱ्यो । अलि-अलि दबाईको लागि पैसा जुटाएका ठूलाले त्यही पैसा नै माइलोले पठाएको भनेर ढाडस दिन्थे बालाई । बाको सपना र परिवारको समृद्धिको सपना तोडिएकोमा बालाई पीडा नहोस् भनेर झुटै सही, बालाई सान्त्वना दिन्थे ठूलाले ।

त्यही बिचमा माइलाका छोराछोरी अमेरिकाबाट नेपाल घुम्न होलीडे टुर आए । उनीहरु इलाम, धनकुटा, दार्जिलिङ, सिक्कीम, चितवन र लुम्बिनीलगायतका ठाउँमा घुमे तर, बिरामी हजुरबा र ठूला बाको परिवारलाई भेट्न गाउँ गएनन् । ठूला बासँग फोनमै कुरा गरेर आफूहरु अमेरिका फर्किन लागेको जानकारी भने गराए । सहर पसेको कान्छो आफ्नै धुनमा रमायो । सानैदेखि दुःख नभोगेको कान्छोलाई घरको कुनै वास्ता भएन । व्यक्तिवादबाट आजित उसले केही नबोली समस्याबाट टाढिन मात्र खोज्दथ्यो । उसको एउटा मात्र छोरालाई सेन्टजेभियर्सबाट ग्रयाजुयसन गराउने चिन्ता मात्र प्रकट गर्दथ्यो ।

अन्तमा ठूलाले बालाई बचाउन सक्ने अवस्था टाढिदै गयो । उनले १० वर्षसम्म बाको स्याहार गरे । दुःख सुखमा बालाई खुसी दिँदै गए ठूलाले । तर पनि बाको व्यथा दुईको एक भएन । च्याप्दै लग्यो । अन्तमा 'दाजुभाइमा कहिल्यै बैरभाव नगर्नु है भनेर भाइहरुलाई पनि सुनाइदिनु' भन्दै संसार छोडे शारदानाथले ।

वर्षाको मास थियो । मुसलधारे पानी परिरहेको थियो । घरको छानोले पानी थेग्थेन । भित्र धुरीखाँबो हुँदै पानी चुहिन्थ्यो । ठाउँ-ठाउँमा कतै ताउलो त कतै तमौरा थापेर पानी तर्काउनु पर्थ्यो । जिर्ण भएको थियो घर । आधा गाह्रो पनि फुटेको थियो । त्यही घरमा एक्लै किरिया बसे ठूला । माइलालाई पनि खबर गरे । कान्छालाई पनि खबर पठाए । फोनमै एकछिन रोयो माइलो । अनि 'म आउछु दाइ' भनेर फोन राखिदियो ।

सुख र र वैभव थियो अमेरिकामा माइलोलाई । छोराछोरीहरुले पनि राम्रोसँग पढे । उनीहरु त्यहीको संस्कारमा रमाउन थाले । विस्तारै शुसीला पनि छोराछोरीतिरै व्यस्त भइन । जिन्दगीको आधा उमेर सकिसकेको माइलोलाई पश्चातापले कहिलेकाँही घरको सम्झनाले सताउथ्यो । अनि त घरमा अनेक निहुँ निकालेर झगडा गर्न थाल्थ्यो । छोराछोरी पनि चिढिएका थिए । शुसीला पनि करकर गर्ने लोग्ने भएभन्दा नभएकै जाती भन्नेमा पुगेकी थिइन् । अनि त्यति वास्ता गर्न पनि छाडिन् ।

समयको चक्र न हो, एकदिन माइलो कामबाट फर्कदै थियो । अचानक विपरीत दिशातर्फबाट आएको ठूलो ट्रकले हान्यो । होसमा आउँदा न्युयोर्कको बोनइन्जुरी अस्पतालको बेडमा थियो माइलो । छोराछोरी श्रीमती छेउमा कुरेर बसेका थिए । त्यहीबेला थाहा पायो, दुर्घटनामा परेर उसका दुवै हर नचल्ने भएको ।

एक महिनाको अस्पतालको बसाइपछि माइलो घर फर्कियो । सायद 'कली आजको भोली' भन्ने हो कि उसमा पनि त्यही भयो छोराछोरीले वास्तै गरेनन् । उनीहरुले नेपालको जस्तो पारिवारीक संस्कृतिमा हुर्कन पाएनन् । एक्लै खाने, एक्लै हिँड्ने, एक्लै बस्ने संस्कृति रहेको अमेरिकामा उनीहरुलाई बाबुआमाप्रतिको दायित्वबोध भएन । नत माइलोले कहिल्यै आफ्ना बा र परिवारसँग छोराछोरीलाई कुरा गरायो, नत आफ्नो विगत उनीहरुलाई कहिल्यै सुनायो । त्यसैले पनि हो कि छोराछोरी उबाट पनि टाढा थिए । सुशीलाले पनि स्याहार झिझो मान्न थालेकी थिइन् ।

धेरै दुःख पायो माइलोले । पैसाको भन्दा पनि परिवारको साथ अनि माया पाएन । दिन, महिना, अनि वर्षदिन विस्तारामा बस्दा आत्तियो माइलो । बल्ल घरपरिवार सम्झने फुर्सद आयो । मकै र भटमास पोको पारिदिएर निधारमा रातो टिका लगाइदिएर उच्च शिक्षाका लागि आमाको काख र घर छोडेको सम्झियो । बाको सपना सम्झियो, ठूलो दाइको याद आयो । बालाई उपचार खर्च पठाइदिन ठूल्दाइले गरेको अनुरोध सम्झियो । अनि त उ आत्तियो । पुराना दृश्यहरु तछाड मछाड गरेर सम्झनामा आउन थाले । अनि छोराछोरी र श्रीमतीलाई अमेरिका बसाईको सुखद कामना गरेर अमेरिकाबाट ह्विलचियरको साथमा १६ वर्षपछि देश फर्कियो ।

राति ११ बजे उत्रिएको उ, साथीसँगै सुन्धाराको एक होटलमा गएर बसेको थियो । एयरपोर्टमा झरेर जब जन्मेको माटोको बासना हरर उसको नाकमा ठोक्कियो, त्यसपछि भक्कानिएको थियो माइलो । साथीले देख्लाकी भनेर डराउँदै उसको आखा छलेर चश्मा भुइँमा खसालेको बहाना गर्दै औलाले माटो छोएर टिका लगाएको थियो । अनि चुमेको पनि थियो ।

लामो समयपछि काठमाडौं फर्किदा धेरै परिवर्तन भइसकेको थियो, ठूला-ठूला घर बनिसकेका थिए । गाडी मोटरसाइकलको चाप थियो सडकमा । एकछिन त माइलो आत्तियो पनि, यो त्यही काठमाडौं हो त भनेर !

अर्कोदिन बिहानै होटलले गाडीको व्यवस्था गरिदिएको थियो । माइलो त्यही गाडीमा चढेर घर पाल्या गए । गाउँमा उनलाई सबैले स्वागत गरे । अस्वस्थ्य भएकोमा चिन्ता व्यक्त गरे । सबैलाई भेटौला है भन्दै हात हल्लाउँदै उनी आफ्नो घरमा गए । ससुरालीहरु मार्फत पठाएको पैसाले सुबिधासम्पन्न घर बनेको थियो गाउँमा । तर, माथिल्लो तला चाहिँ अमेरीकामा रहेकी उनकै श्रीमतीको जिद्धीमा आफूहरुलाई बस्नका लागि भनेर ताल्चा झुण्डयाएर राखेका थिए भने अरु सबै सालाको जिम्मामा थियो ।

रिजर्वको बोलेरोमा माइलोलाई अचानक घरमा देख्दा ठूलाको आँखा रसाएका थिए । अंगालो हालेर रोए । बाल्यकाल सम्झिए । बाले खेत बेचेर उच्चशिक्षाका लागि काठमाडौं पठाएको सम्झिए । अनि अंगालोमा भाइलाई कसेर रोए ठूला । माइला पनि केही क्षण रोए । सन्चो बिसन्चो सोधेर त्यो साँझको खाना दाइसँगै खाएर आफ्नो घरतिर गए माइला । घरको तला चढ्न गाह्रो थियो माइलालाई । ठूलाले आफ्नो जेठो छोरा विष्णुलाई बोकेर लैजान आग्रह गरे । विष्णुले माइला बालाई बोकेर तलामाथि पुऱ्याइदिए । ठूलाले कहिल्यै पनि आफ्नो गरिबी अनि भाइ माइलोको व्यवहार छोरालाई सुनाएका थिएनन् । न त आफूले विगतमा भोगेको दुःख नै सुनाएका थिए । विष्णुले घरको व्यवहार देखेर जति आफै महसुस गरे, त्यतिमात्र उनको मनमा थियो । हृदयदेखि विष्णुले माइला बालाई सघाए । तर, पनि माइला भने ठूला र उनका सन्तानप्रति त्यति सकारात्मक र दयालु देखिएनन् ।


धनको दम्भले जन्मेको माटो टेक्दा पनि छाडेन् माइलालाई । दाइको छोरालाई कहिलेकाहि दिएको पैसाका आधारमा उनले दाइका छोरालाई तलबै दिएर काम गराए जस्तोगरी आफ्नो स्याहार गराएको सम्झिए । यो मनोविज्ञानका कारण छोरा बिष्णुपनि माइला अंकलसँगै बस्न सकेनन् । ससुराली र सालीहरुले त उपयोगबिहिन माइलाको वास्ता गर्न छाडेको धेरै भैसकेको थियो । तर, पनि ठूलोदाइले आफ्नो रगत सम्झिएर आफ्नो धर्म छाडेनन् । गत वर्ष बारेको आफ्नै खोपीमा ल्याएर भाइको स्याहार सुसारमा सकेसम्म लागे, केही कमि राखेनन् ।

माइलाको घाउ बढ्दै गयो । अमेरिका र काठमाडौंमा जस्तो तत्काल अस्पतालको सुविधा गाउँमा भएन । श्रीमति र छोराको असहमतिका बाबजुद पनि बाँकी रहेको आफ्नै टुक्रो बेचेर भाइको उपचारमा धेरै पटक काठमाडौं आउने जाने पनि गरे । तर, त्योबिचमा अमेरीकाबाट माइलाका श्रीमति छोराछोरी भेट्न आएनन् ।

एकातिर बढेको घाउ, अर्कोतिर आमा, बा र आफ्नै उपचारको लागी सबै जग्गा बेचेर पनि दाजुले निभाएको धर्म, आफ्नै असहयोगका कारण कान्छो भाइको सम्पर्कबिहिनता, अनि केही महिना अगाडि श्रीमति नेपाल आएर ससुरालीको नाउमा घर पास गरेर फर्केको यादले उनलाई बढी छटपटि भैरहेको थियो । तर उनी अब आत्मग्लानी र पश्चाताप पनि बताउन नसक्ने भैसकेका थिए । केही भन्न खोजेजस्तो र देखाउन खोजे जस्तो गरी उनी दाइको आँखामा सुनाउन खोज्दै थिए । आँखाको परेला बन्द गर्नु अगाडी दाइ दाइ भनेर बोलेको हो की भन्ने अनुभूतिसम्म दिएर नेपाल आएको ५ वर्षपछि माइलाले संसार छाडेर विदा भए ।

## कविता

### बदनाम गल्ली



बलराम तिमल्सिना

एउटा बदनाम गल्ली छ
जुन गल्लीबाट यात्रा गरेपछि
सदनाम पनि बदनाम बन्न पुग्छ ॥

गल्लीमा भेटिन्छन्
भोट बेच्न पसल थापेर बसेका बिचौलियाहरू
भोट किन्न नोट बोकेर हिँडेका तस्करहरू
भखरै एक राते जात्रा सकिएको चउरजस्तै
छरपस्ट छन् गल्लीभरि
हड्डीका टुक्रा
रक्सीका खाली बोतल
पानीले भिजेका झण्डा
अलपत्र परेका बाचा कबुलहरू
र, चुनावी घोषणापत्रहरू ॥

गल्लीमा भेटिन्छन्
जुवा हारेका जुवाडेजस्ता कोही
चिठ्ठा परेका डिठ्ठाजस्ता कोही
विजय जुलुसको कर्कश आवाज
पराजित हृदयको कारुणिक चित्कार
यस्तै यस्तै ॥

गल्लीभरि छन्
साना मझौला र ठूला अखडाहरू
सबैभन्दा सानो वडा अखडा
गाउँपालिका, नगरपालिका
उपमहानगरपालिका र महानगरपालिका
प्रदेश संसद/प्रदेश सरकार
प्रतिनिधिसभा
सिंहदरबार
बालुवाटार
निर्मल निवास
यी सबै यही बदनाम गल्लीमा छन् ॥

यो देशका
सबैभन्दा ठूला ठगहरू
बिचौलियाहरू र तस्करहरु
भ्रष्ट तथा अनैतिकहरू
इज्जतफालाहरू
र देशमाराहरू
सबै यही गल्लीको बाटो हिड्छन् ॥

यस बदनाम गल्लीमा
राष्ट्रवादको नारा लगाउँदै
यस पटक केही नयाँ कमरेडहरू पनि छिरे
र आफैंले गद्दार घोषणा गरेकाहरूसँग
गठजोड गरेर पुतली उडाए
अहिले ती कमरेडहरू
कोही गल्लीमा सल्केको लुतो कन्याउँदै छन्
कोही जफत भएको जमानतको हिसाब निकाल्दै छन् ॥

### पाँच मुक्तक



पवित्रा चाम्लिङ

१.
हरपल हार व्यहोर्नु पर्ने, आफन्तले खुट्टा तानेपछि
हाँगाबाट आखिर छुट्टिनु पऱ्यो, पतझर ठानेपछि
तिमी हौ मेरो प्राण भन्दै, तिमी नै जिउ ज्यान भन्दै
छातिमाथि परेड खेलेर गयो, गरिब भन्ने जानेपछि ॥

२.
मुटु नै गाँठो पऱ्यो हजुर, छोराले बचन लाएपछि
निल्नु न ओकल्नु भएँ, एक गाँस भात खाएपछि
सिमल भूवा केस पाक्यो, घरले जा बनले डाक्यो
मनले देख्छ शरीर स्थिर, बुढ्यौली पन आएपछि ॥

३.
आज सोचमा डुबेको छु, विपक्षलाई हार नमिलेपछि
तिनलाई हराउने सही समय, गते र बार नमिलेपछि
सफल हुन कोसिस गरेँ, रफ्तारमा रहेर म कति लडेँ
बिजुली बलेन पल्स र माइनसको, तार नमिलेपछि ॥

४.
सोध्नलाई बाध्य भएँ, एकाएक सन्नटा छाएपछि
रुनलाई विवश बनायो, आँखामा आँसु आएपछि
सुर्यलाई धरामा झाऱ्यो, रिसले आफैंलाई माऱ्यो
प्राण त्याग्दा पछुतायो, आवेगमा विष खाएपछि ॥

५.
मर्का बुझ्ने को हुन्छ यहाँ, उल्टो दोष लाउँछ जूनलाई
आखिर पित्तलसँग नै तुलना गर्छन्, मान्छेले सुनलाई
मान्छेले पाप जमाई दिन्छ, मृत्युमा उत्सव मनाई दिन्छ
बैगुनको मात्र चर्चा चलाएर, लुकाउँछ गरेको गुनलाई ॥

# श्रीलंकाली राष्ट्रपतिद्वारा मद्दत गर्न आह्वान




**काठमाडौं/एजेन्सी–** देश गम्भीर आर्थिक संकटबाट गुज्रिरहेका बेला श्रीलंकाली राष्ट्रपति गोताबाया राजपाक्षेले अन्तर्राष्ट्रिय समुदायलाई औषधि, खाद्यान्न आपूर्ति र इन्धनको आवश्यकता पूरा गर्नका लागि मद्दत गर्न आह्वान गरेका छन्।

'हामी अहिले गम्भीर आर्थिक संकटबाट गुज्रिरहेका छौं जसले सबै श्रीलंकालीहरूको जीवनमा गहिरो प्रभाव पारेको छ जसको परिणामस्वरूप सामाजिक असमानता उत्पन्न भएको छ। हामीलाई तुरुन्तै अन्तर्राष्ट्रिय समुदायबाट सहयोगको आवश्यकता छ र म श्रीलंकाका अन्य साथीहरूलाई पनि यो कठिन समयमा मेरो देशलाई समर्थन र ऐक्यबद्धताका निम्ति अपील गर्दछु' राजपाक्षेले भने।

जापानको टोकियोमा भिडियोमार्फत आयोजित फ्युचर अफ एसिया कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपतिले सो कुरा उल्लेख गरेको श्रीलंकाबाट प्रकाशित हुने डेली मिरर अखबारले जनाएको छ।

चरम आर्थिक समस्याका बीच श्रीलंकाले हालै करिब ५१ अर्ब अमेरिकी डलर बराबरको विदेशी ऋण चुक्ता गरेको जनाइएको छ। त्यहाँ गलत आर्थिक नीतिहरूले देशले पर्याप्त इन्धन किन्न नसक्ने र खाद्यान्न एवं अन्य आधार भूत आवश्यकताहरू जस्तै खान पकाउने इन्धन र ग्यासको चरम अभावको सामना गर्नुपरेको छ।

कोभिड १९ को महामारीबाट पर्यटन उद्योगमा परेको असर र अन्य कारण विदेशी कामदार हरूको भित्री रेमिट्यान्समा तीव्र गिरावट एवम् श्रीलंकाको उच्च ऋण दायित्वहरूसँग मिलेर अन्य घटनाहरूको कारणले बढ्दो मुद्रास्फीतिले गम्भीर वित्तीय संकट निम्त्याएको छ।

'भविष्यमा विश्वले सामना गर्ने अझ व्यापक समस्या भनेको खाद्य सुरक्षासँग सम्बन्धित छ। आगामी महिनाहरूमा खाद्यान्नको अभाव र खाद्यान्नको मूल्यमा भएको तीव्र वृद्धिले धेरै देशहरूमा ठूलो दबाब दिनेछ' डेली मिररले राष्ट्रपतिलाई उद्धृत गर्दै उल्लेख गरेको छ।

राष्ट्रपतिले कोभिड-१९ को महामारीपछि युक्रेन-रुस द्वन्द्वले संकट थपिएको भन्दै त्यस्ता जोखिममा परेका राष्ट्रहरूलाई सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गरेका छन्। उनले मुलुकमा देखिएको संकटलाई समाधान गर्नका निम्ति राष्ट्रहरूबीचको सहकार्य बढाउनुपर्नेमा पनि विशेष जोड दिएका छन्।

'श्रीलंकाले सामना गरिरहेको गम्भीर कठिनाइहरू कोभिड १९ महामारीको प्रभावहरूको प्रारम्भिक सङ्केत हो। त्यस्तै युरोपमा जारी द्वन्द्वले अन्य कमजोर राष्ट्रहरूलाई क्षेत्रीय र विश्वव्यापी रूपमा पनि असर गर्न सक्छ।' उनले भने।

राष्ट्रपतिले यस जटिल समस्यामा ध्यान दिनुपर्ने र कृषि उत्पादनलाई स्थानीय तहमा प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन्। उनले देशवासीलाई यस्ता विकराल समस्याको सामना गर्ने उपाय खोज्न पनि आग्रह गरेका छन्।

'जापान श्रीलंकाको प्रमुख विकास साझेदारहरू मध्ये एक हो र हामी आशा गर्छौं अहिले जापानबाट कोष जुटाउने सम्बन्धमा भइरहेको वार्ता छिट्टै टुङ्गिनेछ र हामीले हाम्रो अर्थतन्त्र र हाम्रो राष्ट्रलाई स्थिर बनाउन प्रयास गर्नेछौं' डेली मिररले राजपाक्षेलाई उद्धृत गर्दै उल्लेख गरेको छ।

खाद्यान्न र इन्धनको अभाव बढ्दो मूल्य र बिजुली कटौतीका कारण श्रीलंकाले स्वतन्त्रता पछि यस पटक सबैभन्दा खराब आर्थिक संकटको सामना गरिरहेको छ। अर्थतन्त्र राम्रो अवस्थामा नभएकाले अन्तर्राष्ट्रिय ब्याजदर बढ्ने उच्च जोखिम रहेको प्रष्ट देखिन्छ। अहिले अन्तर्राष्ट्रिय खाद्यान्नको मूल्य बढ्ने खतरा पनि उत्तिकै टड्कारो रहेको जनाइएको छ।

# अफगानिस्तानमा मानवीय संकट गहिरिँदै

**काठमाडौं/एजेन्सी–** अफगानिस्तानमा बिग्रँदै गएको आर्थिक र मानवीय संकटको बीचमा शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तले अफगानिस्तानको आधाभन्दा बढी जनसङ्ख्या मानवीय सहायतामा निर्भर रहेको बताएको छ।

